**बैठक संख्या : ४६** **स्थान : राप्ती नगरपालिका**

**मिती : २०७५।१२।०४ गते समय : साझ ५ : ०० बजे**

यस राप्ती नगरपालिका , नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री मुक्ति प्रसाद चापागाई

क.अ. रमेश चौधरी

**बैठक संख्या : ४६** **मिति : २०७५।१२।०४**

**प्रस्तावहरु**

१. २ वटा योजनाको DPR गर्ने सम्बन्धमा ।
२. अस्पताल, सडक, वडा कार्यालय, खोला तटबन्धन, खेलमैदान, एकिकृत बस्ती विकास, पर्यटकिय क्षेत्रको DPR सम्बन्धमा ।
३. पूर्वपश्चिम लोकमार्गमा सिसिटिभी जडान सम्बन्धमा ।
४. जि.स.स. मौज्दात रकम र अन्य योजनाको स्वीकृतको जानकारी सम्बन्धमा ।
५. संचारकर्मी व्यवस्था गर्ने सम्बन्धमा ।
६. ढुङ्गा गिट्टी बालुवाको ठेक्का लगाउने सम्बन्धमा ।
७. ग्याविन जाली खरिद गर्ने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको विकास निर्माणलाई योजनाबद्ध रुपमा अघि बढाउन तयार हुदै गरेको यस नगरपालिकाको शहरी विकास योजना अन्तर्गत करिव ३० करोड भन्दा बढी लागत भएका २ वटा योजनाहरुको DPR तयार गर्ने कार्यक्रम समेत रहेकोले निम्न २ वटा योजनाको DPR तयार गर्न लगाउने सर्व सम्मत निर्णय गरियो ।

**तपसिल**

१. खुरखुरे ठकुरी भञ्जयाङ कमीनचुली कान्धा कालीटार पर्यटन मार्ग राप्ती – ८, ९, १०, १२ र १३
२. दुग्धजन्य परिकार उद्योग राप्ती-७, साना किसान कृषी सहकारीको जग्गा पम्पा पुल माथि साना किसान कृषि सहकारी भवनको दक्षिण तर्फ

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा योजना बद्ध विकासको लागि योजना तथा कार्यक्रमको छनौट गर्नुपर्ने हुन्छ त्यस्ता योजनाको लागत तथा सम्भाव्यता अध्ययन गर्नुपर्ने हुन्छ । योजनाको लागतको आधारमा योजनाहरु संचालन गरी दिन स्थानीय तह प्रदेश सरकार र संघीय सरकार तथा अन्य निकायमा माग गरी पठाउदा प्रभावकारी हुन्छ । अत : भण्डारा अस्पताल, विभिन्न सडक, वडा कार्यालय भवनहरु, जोखिममा रहेका खोलाको तटबन्ध, एकिकृत बस्ती विकास, खेल मैदान, पर्यटकिय क्षेत्र, आर्थिक उत्पादन क्षेत्र आदीको कार्यालयले DPR तयार गर्ने गराउने कार्य गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका भित्र पर्ने पूर्व पश्चिम लोकमार्गको मुख्य बजार क्षेत्र र अत्याधिक दुर्घटना हुने पुल क्षेत्रमा पर्ने गरी लोथर बजार, पिप्ले चोक, गड्यौली, मार्ताल खोला पुल, डडुवा, भण्डारा बजार, पम्पा खोला पुल, वीरेन्द्रनगर चोक, खुरखुरे बजारमा CCTV राख्न आवश्यक भएकोले नेपाल सरकार गृह मन्त्रालयबाट जारी गरिएको सि.सि.टी.भी ( Closed Circuit TV) जडान तथा संचालन सम्बन्धी कार्यविधि, २०७२ समेतको आधारमा यस नगरपालिकाको समेत लागत सहभागिता रहने गरी CCTV जडान गर्ने कार्यमा आवश्यक सहयोग र समन्वय गरी दिन जिल्ला प्रशासन कार्यालय भरतपुर चितवनमा समेत अनुरोध गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकामा चालु आ.व. को लागि निम्न कार्यक्रमबाट निम्न बमोजिम योजना स्वीकृत आएको व्यहोरा जानकारी भयो र सो योजनाहरु कार्यालयले संचालन गर्ने प्रक्रिया शीघ्र अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. जिल्ला समन्वय समिती चितवनको मौज्दात रकमबाट
   - क. राप्ती नगरपालिका भवन निर्माण वडा नं. ५ - १५००००००।
   - ख. ६ नं. वडा कार्यालय भवन निर्माण वडा नं. ६ - ३५०००००।
   - ग. स्वामीटार मा.वि. छात्रबास भवन निर्माण वडा नं. १० - २५०००००।
   - घ. थाकलटार खानेपानी योजना निर्माण वडा नं. ११ - १५०००००।
   - ङ. वीरेन्द्रआदर्श मा.वि. भवन मर्मत सम्भार वडा नं. ७ - १००००००।
   - च. कुपनटोल खानेपानी आयोजना निर्माण राप्ती २ - १००००००।
   - छ. धमौरा आधारभुत विद्यालय शैचालय निर्माण वडा नं. ६ - ५०००००।

२. प्रदेश सरकार सम्मपूरक अनुदानबाट
   - क. पानीसराढाप मार्ग कालोपत्र (प्रदेश सरकार – ५७,४६०००। स्थानीय उपभोक्ता – ३०% ले रु ३४,४७,६००। र नगरपालिका – २०% ले २२,९८,४००। जम्मा गरी रु ११४९२०००।)

३. तराई मधेश समृद्धि कार्यक्रमबाट
   - क. धमौरा पश्चिम लौगाई कुलो सम्म कुलो लाइलिङ - ४१८००००। (कार्यक्रमबाट रु ३८,००,०००। र लागत सहभागिता रु ३,८०,०००।)

**<u>निर्णय नं. ५</u>**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगरबाट संचालन भएका विभिन्न कार्यक्रमहरुको बारे समाचार संकलन र संचार जगतबाट प्रशारण तथा प्रकाशन गर्ने सहज गराउन आवश्यक भएकोले प्रेस सम्बन्धी कार्यलाई संयोजन गर्ने संयोजकको आवश्यकता भएको महसुस भएकोले राप्ती -८ खुरखुरे निवासी श्री अनुज न्यौपानेलाई मिति २०७५ फागुन देखि २०७६ आषाढ सम्म प्रेस संयोजक तोकी काममा लगाउने र संचार, यातायात खर्च, समाचार संकलन गरी प्रकाशन, प्रशारणको व्यवस्था मिलाए वापत संचार जगतसँग सम्बन्धित शीर्षकबाट प्रति महिना रु १२०००। उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा नगरको तीव्रता विकारको लागि सडक ग्राभेल, ढलान, कालोपत्र आदी गर्नुपर्ने हुन्छ । यस कार्यको चालु आ.व.मा प्रशस्त बजेट विनियोजन पनि भएको छ । तथापी ढुङ्गा, गिट्टी, बालुवाको व्यवस्थापन हुननसक्दा विकासको काममा बाधा पर्न गएको छ । साविक लोथर खोलामा IEE प्रतिवेदनअनुसारको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवाको ठेक्का आव्हान गरिएको सो ठेक्काको लागि आवेदन पर्न आएन । समयमा नै सोको व्यवस्था नहुने हो भने चालु आ.व. मा ६०% भन्दा प्रगति हुन सक्ने देखिदैन अत : विना प्रतिष्पर्धामा उत्खनन र विक्री गर्न पनि नमिल्ने हुदा २०७६ साल जेठ मसान्त सम्मको लागि प्रति क्यू फिट रु ९/- र मुल्य अभिवृद्धि कर १३% भ्याट सहित लिने गरी दैनिक २५० घ.मि. पदार्थ निकाल्नको लागि ७ दिनको सूचना दिई बोलपत्र आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. ७</u>**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा विभिन्न खोलाहरुमा तटबन्धन गर्नुपर्ने र वर्षातको याममा आउने बाढी पहिरोबाट हुने क्षेतीलाई न्यूनिकरण गर्न विपद् व्यवस्थापन शिर्षकमा छुट्याइएको रु ५० लाख रकमबाट आवश्यक संख्यामा ग्याविन जाली खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।